# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन, नेपाल

## BHARATPUR METROPOLITAN CITY

**Office of Municipal Executive**

Bhratpur, Chitwan, Nepal

प.सं.
च.नं. २०२३

मितिः२०७७/०८/१६

श्री सबै वडा कार्यालयहरु (१-२९)
भरतपुर महानगरपालिका
भरतपुर, चितवन।

विषयः प्रस्तावना पेश गर्ने सम्वन्धमा ।

उपरोक्त सम्बधमा वन तथा वातावरण मन्त्रालय, वातावरण विभागको मिति २०७७/०७/०७ च. न. २७६ को प्राप्त पत्रानुसार आ. व २०७७।०७८ बार्षिक कार्यक्रम अन्तर्गत रु. १,००,००,००० (अक्षरेपी एक करोड मात्र) लागतको **वातावरण मैत्रि शहरी बृक्षारोपण अभियान (उद्यान निर्माण) एक प्रदेशमा १ वटाका दरले स्थानिय तहहरुसँगको लागत साझेदारीमा** गर्नु पर्ने रहेकोले संलग्न प्रस्तावनाको फारम भरि आजका मितिले ७(सात) दिन भित्र यस कार्यालयमा आईपुग्ने गरि पठाई दिनुहुनका लागि **वातावरण विभागबाट** प्राप्त पत्र र कार्यविधिको छाँयाप्रति यसै साथ संलग्न राखि पठाईएको व्यहोरा अनुरोध छ ।


**e-mail address**
laxmi5thagunna@gmail.com
phone no: 9841610249


..............................
लक्ष्मी कुमारी ठगुन्ना
वातावरण निरिक्षक
वातावरण तथा हरियाली प्रवर्द्धन शाखा

नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय
# वातावरण विभाग

पत्र संख्या :

चलानी नं. : २६६

मिति: २०७७/०७/२७

**विषयः प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

श्री विराटनगर महानगरपालिका, मोरंग, प्रदेश १
श्री विरगंज महानगरपालिका, पर्सा ,प्रदेश २
श्री भरतपुर महानगरपालिका, चितवन, बागमति प्रदेश
श्री पोखरा महानगरपालिका, कास्की, गण्डकी प्रदेश
श्री राप्ति गाउँपालिका, देउखुरी, दाङ, लुम्बिनि प्रदेश
श्री वीरेन्द्रनगर उपमहानगरपालिका ,सुर्खेत, कर्णाली प्रदेश
श्री धनगढी उपमहानगरपालिका, कैलाली, सुदुरपश्चिम प्रदेश

यस विभागको आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम LMBIS Code ११.४.१७.३६३ **"वातावरण मैत्रि शहरी वृक्षरोपण अभियान (उद्यान निर्माण) एक प्रदेशमा १ वटाका दरले स्थानीय तहहरुसँगको लागत साझेदारीमा (वन तथा वातावरण संरक्षण निर्माण)"** प्रयोजनका लागि रु ७,००,००,०००।- (अक्षेरुपी सात करोड मात्र ) विनियोजन भएकोमा तहाँ स्थानीय तहका लागि रु.१,००,००,०००।- (अक्षेरुपी एक करोड मात्र) विनियोजित गरीएको हुँदा उक्त कार्यक्रम गर्नका लागि "आ.व. ०७७/०७८ मा स्थानीय तहसँगको साझेदारीमा गरिने सबै प्रकारका पार्क/उद्यान/सौन्दरयीकरण निर्माण सम्बन्धि कार्यविधि- २०७७" कार्यविधिको दफा ७ बमोजिमको प्रमाणित कागज सहित अनुसुचि १ बमोजिमको प्रस्ताव विभाग समक्ष २०७७ पुष १५ गते भित्र पेश गर्नहुन अनुरोध छ । यस कार्यक्रमको कार्यविधिको छाँयाकापी यसैसाथ संलग्न रहेको व्यहोरा समेत अनुरोध छ।

महानिर्देशक
(मुकुन्द प्रसाद निरौला )

**बोधार्थ**

श्री मुख्यमन्त्री तथा म.प.को कार्यालय
प्रदेश न. १ विराटनगर ।
प्रदेश न. २ जनकपुरधाम ।
बागमति प्रदेश हेटौंडा ।
गण्डकी प्रदेश पोखरा ।
लुम्बिनि प्रदेश बुटवल ।
कर्णाली प्रदेश विरेन्द्रनगर ।
सुदुरपश्चिम प्रदेश धनगढी ।

# आ.व. ०७७/७८ मा स्थानीय तहसंगको साझेदारीमा गरिने सबै प्रकारका पार्क/उद्यान निर्माण सम्बन्धी कार्यविधि-२०७७

| खर्च शिर्शक नं./ LMBIS Code | कार्यक्रमको नाम | विनियोजित बजेट |
|---|---|---|
| ३११५७ खर्च शिर्षक नं. | स्थानीय तहसंगको साझेदारीमा निर्माण गरिने विभिन्न प्रकारका उद्यान/पार्कहरु/सौन्दर्यीकरण सम्बन्धी | रू. ११२५ लाख |
| ११.४.१७.३६३ LMBIS Code | वातावरण मैत्री शहरी वृहत हरित उद्यान अभियान (उद्यान निर्माण) एक प्रदेशमा १ वटाका दरले स्थानीय तहहरुसंगको लागत साझेदारीमा | रू. ७०० लाख |

**प्रस्तावना**

वातावरण संरक्षणमा सहयोग पुऱ्याउने गरी हरियाली प्रबर्द्धन तथा रमणीय वातावरण विकास गर्नका लागि आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम स्थानीय तहसंगको साझेदारीमा निर्माण गरिने विभिन्न प्रकारका उद्यान/पार्कहरु/सौन्दर्यीकरण सम्बन्धी निर्माण कार्यलाई प्रभावकारी, परिणाममुखी तथा कार्यान्वयनमा एकरुपता ल्याउनको लागि यो कार्यविधिको बनाईएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"आ.व. ०७७/७८ मा स्थानीय तहसंगको साझेदारीमा गरिने सबै प्रकारका पार्क/उद्यान/सौन्दर्यिकरण निर्माण सम्बन्धी कार्यविधि-२०७७" रहेको छ ।**

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,

(क) "मन्त्रालय" भन्नाले वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ ।

(ख) "विभाग" भन्नाले वातावरण विभाग सम्झनु पर्छ ।

छ) यस कार्यका लागि आवश्यकता बमोजिम प्रदेश सरकारसँग समेत समन्वय गर्न सकिनेछ ।

## परिच्छेद -३

## स्थानीय तहमा निर्माण हुने पार्क/उद्यानको स्थान छनौट

### ४. पार्क/उद्यान निर्माणका लागि स्थान छनौट

स्थानीय तहले पार्क/उद्यान निर्माणस्थल छनौट गर्दा देहाय बमोजिम हुने गरी छनौट गर्नुपर्नेछ ।

क) पार्क/उद्यान निर्माणका लागि प्रस्तावित स्थान पर्यावरणीय स्वच्छता र सौन्दर्य अभिबृद्धि गर्ने र पर्यटकीय हिसावले पायक पर्ने स्थानमा हुनुपर्नेछ ।

ख) पार्क/उद्यान बनाउन प्रस्तावित स्थान खोलाले असर नगर्ने र बाढी पहिरो वा अन्य सम्भावित प्राकृतिक जोखिम न्युन रहेको हुनुपर्नेछ ।

ग) पार्क/उद्यान बनाउने जग्गाको स्वामित्वको प्रकार सरकारी/सार्वजनिक वा सम्बन्धित स्थानीय तहको स्वामित्वमा भएको हुनुपर्नेछ ।

घ) प्रस्तावित स्थानमा पार्क/उद्यान निर्माण गर्ने भनि सम्बन्धित पालिकाको कार्यपालिकाबाट निर्णय भएको हुनुपर्नेछ ।

ङ) पार्क/उद्यान निर्माण गर्न प्रस्ताव गरिएको जग्गाको क्षेत्रफल एकै चक्ला भित्र रहेको हुनुपर्नेछ ।

तर वातावरण मैत्री बृहत हरियाली पार्कको हकमा एकै चक्ला भित्र तराई क्षेत्रमा कम्तिमा १ हेक्टर र पहाडी तथा हिमाली क्षेत्रमा कम्तिमा ०.७५ हेक्टर हुनुपर्नेछ ।

## परिच्छेद -४

## स्थानीय तहमा निर्माण हुने पार्क/उद्यान बजेट व्यवस्था

### ५. पार्क/उद्यान निर्माणको बजेट व्यवस्था

क) कूल लागत अनुमानको ८० प्रतिशत विभागबाट र २० प्रतिशत सम्बन्धित स्थानीय तहबाट

ख) यस विभागबाट आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तोकिएको स्थानीय तहलाई अधिकतम बजेटको रुपमा पार्क निर्माणको लागि विनियोजित बजेटको सिमा भित्र रही रकम उपलब्ध गराउनेछ।

ग) कूल लागत अनुमानको ८० प्रतिशत विनियोजित बजेट भन्दा घटी हुने भएमा सोही अनुसार घटी रकम नै विभागले व्यहोर्नेछ ।

घ) स्थानीय तहले आफ्नै पहलमा थप स्रोतसाधन परिचालन मार्फत दोहोरो खर्च नहुने गरी तोकिएको भन्दा बढी कार्य गरी पार्क/उद्यान विस्तार तथा विकास गर्न बाधा पुग्नेछैन ।

## परिच्छेद -५

## पार्क क्षेत्रमा लगाइने बिरुवाको प्रजाति

### ६. पार्क क्षेत्रमा लगाइने बिरुवा प्रजातिको छनौट

पार्क क्षेत्रमा लगाइने बिरुवाहरु देहाय बमोजिम हुनुपर्नेछ ।

क) बहुउपयोगी तथा स्थानीय हावापानीमा सजिलै हुर्कन सक्ने प्रजातिलाई प्राथमिकता दिनुपर्नेछ।

ख) उपलब्ध भएसम्म छिटो हुर्कने प्रजातिहरु हुनुपर्नेछ ।

ग) कम्तिमा ३० प्रतिशन रुख प्रजाति र बढीमा ७० प्रतिशत बहु उपयोगी शोभनीय प्रजातिका बिरुवाहरु रोपिनु पर्नेछ ।

घ) पार्कमा दुवो (स्थानीय वा आयातित) वा अन्य घाँस के प्रयोग गरिने हो लगायत यसै दफाको (क) देखि (ग) सम्मको व्यहोरा ड्रइङ डिजाइन र लागत अनुमानमा स्पष्ट खुलाउनु पर्नेछ।

## परिच्छेद -६

## प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरु

### ७. स्थानीय तहले प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरु

स्थानीय तहले विभाग समक्ष पेश गर्ने प्रस्तावका साथ देहाय अनुसारका कागजातहरु सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित हुनुपर्नेछ ।

क) प्रस्तावित स्थानको स्वामित्व खुल्ने कागजात (ज.ध. दर्ता श्रेस्ता/प्रमाणपूर्जा, नापीनक्सा आदी) ।

ख) प्रस्तावित उद्यान क्षेत्रको Engineering Drawing, Design, Site plan । Design गर्दा उद्यान भित्रका सबै आवश्यकता अनुसारका विषयबस्तुहरु (हरियाली क्षेत्र, पर्खाल, बाटो, शौचालय, खानेपानी, फोहोर व्यवस्थापन, चिल्ड्रेन प्ले ग्राउण्ड आदि) स्पष्ट खुलेको विवरण । तर वातावरण मैत्रि वृहत उद्यानको हकमा व्यवस्थापन योजना समेत ।

ग) पार्क भित्र अन्य कुनै प्रकारको भौतिक संरचना निर्माण गर्ने भए सो समेत स्पष्ट खुलाउनु पर्नेछ।

घ) प्रस्तावित Drawing, Design अनुसार कार्य सम्पन्न गर्न विनियोजित बजेट भन्दा धेरै बजेट लाग्ने भए विनियोजित बजेटबाट निर्माण गर्न लागिएको खण्ड स्पष्ट भएको हुनुपर्नेछ ।

ङ) प्रस्तावित पार्क निर्माणको लागि लाग्ने विभिन्न खर्च शिर्षक अनुसारको लागत अनुमान ।

च) प्रस्तावित स्थानमा पार्क/उद्यान निर्माण गर्ने भनि सम्बन्धित पालिकाको कार्यपालिकाबाट भएको निर्णयको प्रतिलिपी ।

छ) स्थानीय तहबाट २०% लागत साझेदारी गर्ने सम्बन्धी तथा पार्क/उद्यानको दिगो संरक्षण सम्बन्धी योजना सहितको प्रतिबद्धता पत्र ।

ज) उद्यान निर्माणका लागि प्रस्ताव गरिएको जग्गा सहित वरिपरीको स्थान देखिने फोटो।

## परिच्छेद -७

## अनुगमन

### ८. पार्क/उद्यानको अनुगमन

क) पार्क निर्माण कार्य शुरुभएछि विभागले कुनै पनि बखत अनुगमन निरीक्षण गरी आवश्यक सुझावहरु दिन सक्नेछ ।

ख) पार्क निर्माणको क्रममा सम्बन्धित स्थानीय तहको प्राविधिक कर्मचारीबाट आवश्यक अनुगमन निरीक्षण गर्नुपर्नेछ ।

ग) सम्बन्धित स्थानीय तहको उपप्रमुख/उपाध्यक्षको संयोजकत्वमा स्थानीय तहको योजना अनुगमन तथा मूल्यांकन समितिबाट पार्क निर्माण कार्यको समेत अनुगमन गरी सम्बन्धित पालिकामा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**परिच्छेद -८**

**<u>भूक्तानी प्रकृया</u>**

९. सम्झौता बमोजिमको कार्य सम्पन्न पश्चात स्थानीय तहले भूक्तानीको लागि देहायका कागजातहरु पेश गर्नुपर्नेछ।

क) उपभोक्ता समिति/निर्माण व्यावसायी र सम्बन्धित स्थानीय तहबीच पार्क/उद्यान निर्माण सम्बन्धी भएको सम्झौता पत्र र कार्यदिशको प्रमाणीत प्रतिलिपी ।

ख) सम्झौता बमोजिमको कार्य सम्पन्न भएपछि सम्बन्धित स्थानीय तहको प्राविधिकले तयार गरेको कार्य सम्पन्न प्रतिवेदन, नापी किताब, ठेक्का विलको प्रमाणित प्रति ।

ग) सम्बन्धित स्थानीय तहको उपप्रमुख/उपाध्यक्षको संयोजकत्वमा स्थानीय तहको योजना अनुगमन तथा मूल्यांकन समितिको अनुगमन प्रतिवेदन ।

घ) लागत अनुमान अनुसार विभिन्न शिर्षकमा खर्च भएको रकमको नियमानुसारको सक्कल बिल भर्पाईहरु ।

ङ) प्रस्तावित Drawing, Design मा उद्यान/पार्क निर्माण गर्ने क्रममा वातावरण विभागको पूर्व सहमतिमा कुनै प्रकारको फेरबदल भएको रहेछ भने संशोधित प्रमाणित Drawing Design हरु।

च) सम्झौता बमोजिमको कार्य सम्पन्न भएपश्चातको पार्कका सबै स्थानहरु देखिने रंगिन तस्बीरहरु।

छ) उपभोक्ता समितिमार्फत निर्माण कार्य सम्पन्न गरिएको हो भने डोर हाजिरी प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित हुनुपर्नेछ ।

ज) भुक्तानी (रकम समेत खुलेको) माग गरि लेखिएको पत्रसाथ पेश हुने सम्पूर्ण कागजातहरु सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित हुनुपर्नेछ ।

झ) माथि (क) देखि (ज) सम्मका प्रमाणित कागजात विभाग समक्ष पेश भएपछि कार्यसम्पन्न पश्चात एकमुष्ट वा रनिङ विलको आधारमा सम्बन्धित स्थानीय तहलाई भुक्तानी दिइनेछ ।

## परिच्छेद -९

## विविध

१०) **उद्यान/पार्क निर्माण पछिको संचालन र संरक्षण**

(क) उद्यानको सुरक्षा, नियमित संरक्षण, गोडमेल, सिंचाई र रेखदेखका लागि आवश्यक व्यवस्था सम्बन्धित स्थानीय तहले मिलाउनु पर्नेछ ।

(ख) उद्यान/पार्क क्षेत्रका फोहोरहरुको उचित व्यवस्थापन (कुहिने/नकुहिने फोहोर अलग अलग जम्मा गर्ने व्यवस्था) भएको हुनुपर्नेछ।

(ग) महिला/पुरुष छुट्टाछुट्टै शौचालयको व्यवस्था हुनुपर्नेछ ।

(घ) फोहोरलाई कम्पोष्टिङ गर्ने व्यवस्था हुनुपर्नेछ ।

(ङ) उद्यानभित्र खुलारुपमा फोहोर जलाउने कार्य गर्न रोक लगाउनुपर्नेछ ।

(च) उद्यानभित्र प्लाष्टिकको झोला प्रयोगमा पुर्णरुपमा रोक लगाउनुपर्नेछ ।

(छ) सम्भव भएसम्म उद्यान सुरक्षा र संरक्षणका लागि Bio Fencing को प्रयोग गर्नुपर्नेछ ।

११) **बाधा अड्काउ फुकाउने अधिकार:** यस कार्यविधिमा व्यवस्था भए बमोजिम बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय मन्त्रालयले गर्नेछ ।

१२) **कार्यविधिको संशोधन:** यस कार्यविधिको संशोधन आवश्यकतानुसार मन्त्रालयले गर्नेछ ।

अनुसूची-१

(स्थानीय तहले पेश गर्ने प्रस्तावको ढाँचा)

**विषयः <u>उद्यान निर्माण सम्बन्धमा।</u>**

श्री वातावरण विभाग
बबरमहल, काठमाडौं ।

प्रस्तुत विषयमा चालु आ.व. ०७७/७८ मा यस महागरपालिका/ उपमहानगरपालिका/नगरपालिका/गाउँपालिकामा क्षेत्र भित्र उद्यान/पार्क निर्माणको लागि बजेट विनियोजन भए बमोजिम तहाँ विभागको को च.नं.......... मिति .................... को पत्रबाट माग भए बमोजिम देहायको विवरण सहित यो प्रस्ताव पेश गरिएको छ ।

**१. उद्यान/पार्क निर्माणस्थल**

जिल्लाः नगर/गाउँपालिकाः

वडा नं. स्थानीय प्रचलित नामः

**२. प्रस्तावित उद्यान निर्माण गरिने जग्गाको**

(क) क्षेत्रफलः (ख) स्वामित्वको प्रकारः

**३. प्रस्तावित उद्यानमा हुने मुख्य-मुख्य भौतिक निर्माणका कृयाकलापहरु**

-

-

-

**४. प्रस्तावित आयोजनाको लागत अनुमान रकम रु.**

**५. उद्यान/पार्क निर्माण लागतको कम्तिमा २०% रकम स्थानीय तहले व्यहोर्ने निर्णय मितिः**

प्रमुख प्रशासकीय अधिकृतको नामः
हस्ताक्षरः
मितिः

पालिका प्रमुखको नामः
हस्ताक्षरः
मितिः